रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ रामग्राम, जेठ २८ गते, २०७९ साल संख्या ३

## भाग-२

## रामग्राम नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि (पहिलो संसोधन),२०७९

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०२/२८**

**घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले नगरकार्यपालिकाबाट देहायअनुसार संसोधन गरिएको छ ।**

**१.कार्यविधिको दफा ३ मा भएको संशोधन:** दफा ३ मा **ईजाजतपत्रको अवधि,नवीकरण र नामसारी** भन्ने व्यवस्था हुनेछ जसअन्तर्गत उपदफा ४ थप गरिएको छ ।

**उपदफा** ४:ईजाजतपत्रको नामसारी प्रयोजनका लागि नामसारी गर्ने निर्माण व्यवसायीले आवश्यक कागजातहरु पेश गरेपश्चात प्रमुख प्रशासकीय अधिकृतबाट सो ईजाजतपत्र नामसारी हुनेछ ।

**आवश्यक कागजातहरु:**

क)घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयबाट नामसारी गरिएको प्रमाणपत्र,

ख)अनुसुची-२ बमोजिमको नामसारीको राजश्व शुल्क बुझाएको रसिद र नवीकरण भएको ईजाजतपत्रको सक्कल प्रति ।

ग) नामसारी गर्नुपर्ने कारणसहितको निवेदन ।

**२.कार्यविधिको अनुसूची-२ को तालिकामा भएको संशोधन :** कार्यविधिको अनुसूची-२ को तालिकामा तपसिल बमोजिम हुने गरी संशोधन गरिएको छ ।

| विषय | समय सीमा | दस्तुर |
|---|---|---|
| दर्ताको लागि | | २५०००। |
| नवीकरण | श्रावणदेखि असोजसम्म | ३०००। |
| | कार्तिकदेखि चैत्रसम्म | ६०००। |

| | | |
|---|---|---|
| | बैशाखदेखि असार मसान्तसम्म | ९०००। |
| | असार मसान्त पश्चात खारेज | |
| ईजाजतपत्र नामसारी | | १००००। |

प्रमाणीकरण मितिः २०७९/०२/२८

आज्ञाले
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत